# सेकाहा सामुदायिक क्लब फाइनलमा

**ईन्द्र गिरी, सखुवासभा**

जारी तीनपोखरी कप फुटबल प्रतियोगितामा सेकाहा सामुदायिक क्लब मंगलवारको खेल जित्दै फाइनलमा प्रवेश गरेको छ। मंगलवार संखुवासभाको खाँदबारी रंगशालामा भएको खेलमा सेकाहाले संखुवासभाकै शीत्तलपाटी फुटबल क्लबलाई सडन डेथमा १-० ले हराउँदै फाइनलमा पुगेको हो।

निर्धारित समयसम्म दुवै टोलीले आक्रामक खेल प्रस्तुत गरे पनि गोल गर्न नसकि खेल बराबरीमा टुंगिएको थियो। यसपछि पेनाल्टी सुटआउट भएको थियो। पेनाल्टीमा पनि दुवै टोली बराबर भएपछि सडन डेथबाट नतिजा निकाल्नुपरेको थियो।

प्रतियोगितामा सेकाहा सामुदायिक क्लबले माघ १ गते संखुवासभाकै मकालु फ्रेन्डस क्लबसँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ। संखुवासभासहित कोशी प्रदेशका आठ टिमको सहभागिता रहेको थियो। विजेता टोलीले नगद २ लाख ५१ हजार रुपियाँ तथा उपविजेता टोलीले १ लाख २१ हजार रुपियाँ पुरस्कार प्राप्त गर्नेछ।

# मार्बलस र भीएस निकेतन क्वार्टरफाइनलमा

**काठमाडौं, (नेस)**

मार्वलस र भीएस निकेतन पाँचौं केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा मंगलवार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। मार्वलसले ग्रिनलन्सलाई २७-१६ ले पराजित गरेर एक खेलअगावै समूह 'सी' बाट अन्तिम आठमा पुगेको हो। यो समूहबाट सेवा सदन पनि अन्तिम आठमा पुगेको छ।

आरोन कक्षपतिको १० अंक सहयोगमा माइलस्टोनलाई २४-१८ ले हराउदै भीएस निकेतन समूह 'बी' को विजेता बन्यो। हारका बावजुद माइलस्टोन पनि समूह उपविजेता हुँदै अन्तिम आठमा पुग्यो।

बुद्धनगरस्थित केएमसी स्कुलद्वारा आयोजित प्रतियोगिताको सिनियर ब्वाइजमै गोल्डेनपिकले गोदावरी रेसिडेन्सियलबाट वाकओभर पाएर समूह 'डी' को विजेता हुँदै अन्तिम आठमा प्रवेश गऱ्यो। काठमाडौं जेभियर्स पब्लिक स्कुल यो समूहको उपविजेता हो।

आयोजक केएमसी 'बी' ले आफ्नै 'ए' टोलीलाई ३१-२० ले पाखा लगाउँदै समूह 'ए' को विजेताका रूपमा अन्तिम आठमा स्थान सुरक्षित गऱ्यो। यो समूहबाट बाल दीक्षा सदन विजेता बन्दै अन्तिम आठमा पहिल्यै पुगिसकेको थियो।

# रियल मेड्रिडको जिम्मेवारी आर्बेलोआलाई

**लन्डन, (एजेन्सी)**

स्पेनिस फुटबल महारथी रियल मेड्रिडले मुख्य प्रशिक्षक जाबी अलोन्सोलाई पदमुक्त गरेपछि आल्भारो आर्बेलोआले जिम्मेवारी पाएका छन्।

नियुक्ति भएको आठ महिना नपुग्दै क्लबले अलोन्सोसँगको सम्झौता आपसी सहमतिमा अन्त्य गरेको औपचारिक घोषणा गरेको हो। अलोन्सोको बहिर्गमनसँगै रियलले क्लबका पूर्व डिफेन्डर एवं 'बी' टोलीका प्रशिक्षक ४२ वर्षीय आल्भारो आर्बेलोआलाई नयाँ मुख्य प्रशिक्षकमा नियुक्त गऱ्यो। आर्बेलोआले पहिलो पटक सिनियर टोलीको जिम्मेवारी सम्हाल्न लागेका हुन्।

गत मे महिनामा कार्लो एन्सेलोटीको उत्तराधिकारीका रूपमा आएका ४४ वर्षीय अलोन्सोमाथि आइतबार स्पेनिस सुपर कपको फाइनलमा बार्सिलोनासँग पराजित भएपछि दबाब बढेको थियो। ला लिगाको अंक तालिकामा पनि रियल हाल शीर्ष स्थानको बार्सिलोनाभन्दा ४ अंकले पछि छ। अलोन्सोको कार्यकालमा रियलले खेलेका ३४ खेलमध्ये २४ मा जित निकाले पनि महत्वपूर्ण खेलहरूमा बेहोरेको हार नै उनको पदका लागि घातक सावित भयो।

यस सिजनमा टोलीले एट्लेटिको मेड्रिडसँग ५-२ को लज्जास्पद हार बेहोर्नुका साथै च्याम्पियन्स लिगमा लिभरपुल र म्यानचेस्टर सिटीसँग पनि पराजय बेहोरेको थियो। स्पेनिस सञ्चार माध्यमहरूका अनुसार क्लबभित्रको आन्तरिक विवादले पनि अलोन्सोको बहिर्गमनलाई तीव्र बनाएको थियो।

सुपर कपको फाइनलअघि स्टार स्ट्राइकर केलियन एमबाप्पेसँग खेल रणनीतिका विषयमा अलोन्सोको विवाद भएको दाबी गरिएको छ भने खेलाडी किन्ने र टोली छनोटका विषयमा क्लबका अध्यक्ष फ्लोरेन्टिनो पेरेजसँग पनि उनको सम्बन्ध चिसिएको बताइएको छ। क्लबले जारी गरेको विज्ञप्तिमा अलोन्सोलाई 'लेजेन्ड' को संज्ञा दिँदै उनको समर्पण र व्यावसायिकताका लागि धन्यवाद दिइएको छ।

नवनियुक्त प्रशिक्षक आर्बेलोआले तत्काल टोलीको जिम्मेवारी सम्हाल्नेछन् भने उनलाई सिजनको बाँकी समयमा टोलीलाई पुनः लयमा फर्काउने र च्याम्पियन्स लिगमा बलियो चुनौती पेस गर्ने मुख्य चुनौती हुनेछ।


## Samriddhi Finance — समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited
Partnership for Prosperity
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
रजिष्टर्ड केन्द्रिय कार्यालय: हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

### निक्षेपमा ब्याजदर

२०८२ माघ १ देखि लागू हुने

| क्र.सं | विवरण | ब्याज दर | |
|---|---|---|---|
| क. | बचत खाता (मासिक ब्याज भुक्तानी) | ३.५०% देखि ४.५०% सम्म | |
| ख. | रेमिटान्स तथा वैदेशिक रोजगार बचत खाता (मासिक ब्याज भुक्तानी) | ५.५०% | |
| ग. | समृद्धि कल अकाउन्ट (मासिक/त्रैमाशिक ब्याज भुक्तानी ) | १.७५% सम्म | |
| घ. | समृद्धि मुद्धती निक्षेप (मासिक/त्रैमाशिक ब्याज भुक्तानी) | व्यक्तिगत | संस्थागत |
| १ | मुद्धती निक्षेप (३ महिना) | ४.००% | - |
| २ | मुद्धती निक्षेप (६ महिना) | ४.१०% | ३.१०% |
| ३ | मुद्धती निक्षेप (९ महिना) | ४.३५% | ३.३५% |
| ४ | मुद्धती निक्षेप (१ वर्ष देखि २ वर्ष सम्म) | ५.२५% | ४.७५% |
| ५ | मुद्धती निक्षेप (२ वर्ष माथि ३ वर्ष सम्म) | ५.७५% | ५.५०% |
| ६ | मुद्धती निक्षेप (३ वर्ष माथि ५ वर्ष सम्म) | ६.००% | ६.००% |
| ७ | मुद्धती निक्षेप (५ वर्ष भन्दा माथि, दुई गुणा, ३ गुणा, ५ गुणा र ८ गुणा योजना) | ६.५०% | ६.५०% |
| ८ | रिकरिङ्ग मुद्धती निक्षेप | ४.३५% | |
| ९ | समृद्धि रेमिटान्स र समृद्धि वैदेशिक रोजगार मुद्धती निक्षेप (३ महिना वा सोभन्दा बढी) | माथि उल्लेखित दरमा थप १.५०% | |

### कर्जा लगानीमा रहने ब्याजदर

२०८२ माघ १ देखि लागू हुने

| क्र.सं | कर्जा | ब्या दर |
|---|---|---|
| १ | मुद्धती रसिद धितो कर्जा | FD Rate/वेश रेट+२% सम्म |
| २ | टर्म लोन लगायत अन्य सबै कर्जा | वेश रेट +४% सम्म |
| ३ | सहुलियत कर्जा | वेश रेट +२% सम्म |
| ४ | ३ महिनाको औसत आधार दर | ९.७० % |
| ५ | २०८२ मंसिर मसान्तको खुद ब्याज अन्तर | ४.५६ % |
| | स्थिर ब्याजदर भएको आवधिक कर्जाको ब्याज वार्षिक १३% | |

*(विस्तृत जानकारीको लागि संस्थाको Website: www.sfcl.com.np मा हेर्नुहुन अनुरोध छ ।)*


## Sarumarani Rural Municipality
## Office of Rural Municipal Executive
**Baddanda, Pyuthan**
**Lumbini Province, Nepal**

### Invitation for Electronic Bids

**Date of First Publication:14th Jan, 2026**

1. The Office of Sarumarani Rural Municipal Executive, BaddandaPyuthan invites electronic bids from Nepalese eligible bidders for works as mentioned below under National Competitive Bidding Procedure.

| Contract No. | Description of Works | Bid Document Fee (Nrs.) | Bid Securities (Nrs.) | Estimated Price (With VAT & PS.) |
|---|---|---|---|---|
| SRM/NCB/Works-11/082/83 | Krishi Sinchai Purbadhar Aayojana (Aatitar-Dadagaun-Forshabang, Daderikhola-Darvanfaat-Upallodhad, Naughat, Budhikhola, Hattikhal vitrikhola, Bethikhola) | 3000 | 1,60,000 | 68,17,515.90 |

2. Eligible Bidders can get further information regarding Bid Document at the Office of Sarumarani Rural Municipal Executive, Baddanda, Pyuthan during office hours, Office website **https://sarumaranimun.gov.np**/. Contact No.9857035752 and inspect the bidding document at PPMO website **www.bolpatra.gov.np/egg.**

**Chief Administrative Officer**

## धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**धनगढी, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### सिंचाई बोरिङ्ग कार्य सम्बन्धी बोलपत्र आव्हानको सूचना

**(पहिलो पटक सूचना प्रकाशन मिति २०८२/०९/३० गते)**

धनगढीमाई नगरपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ को लागि सिंचाई बोरिङ्ग कार्य गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम योग्य निर्माण कम्पनीबाट पहिलो पटक सूचना प्रकाशन भएको मितिले ३१ दिन भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको **website www.bolpatra.gov.np/egp** मार्फत विद्युतीय **(E–bidding)** बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. बोलपत्रहरु सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा बोलपत्र सम्बन्धी हेर्नुपरेमा यस धनगढीमाई नगर कार्यपालिकाको कार्यालय सिरहाको वेभ साइट www.dhangadhimaimun.gov.np मा हेर्न सकिन्छ वा यस कार्यालयको सम्पर्क नं. ०३३-५४५२७१ मा सम्पर्क राख्न सकिनेछ ।

**बोलपत्रहरू सम्बन्धी विवरण:**

| सि.नं. | बोलपत्र नं. | कामको विवरण | लागत अनुमान मू.अ.कर समेत | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | DH/MUN/NCB/W/03/082/083 | सिंचाई बोरिङ्ग कार्य | रु. ७३,७७,५३२/२९ | रु. १,९५,०००/०० | रु.३०००/०० |

## भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
**कोशी प्रदेश, बिराटनगर, नेपाल**

### बोलपत्र स्वीकृती गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८२/०९/३०

यस कार्यालयवाट मिति २०८२/०८/०८ गतेको हिमालय टाइम्स दैनिक पत्रिकामा प्रकाशित विद्युतीय अनलाइन बोलपत्र आव्वानको सूचना अनुसार नियम पुर्वक प्राप्त हुन् आएका बोलपत्रहरु मध्ये न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपशिल वमोजिमको फर्मले पेश गरेको बोलपत्रहरु स्वीकृत गर्नको लागि छनोट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ (२) को प्रावधान बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ .

**तपशिल:**

| S. No. | IFB/RFP/EOI/PQ No: | Procurement Title | Bidders Name and Address | Bidding Price with VATand PS (Rs.) |
|---|---|---|---|---|
| 1 | GWRIDD /NCB/ 82/83-01 | Construction of 3 Nos. of Deep Tubewell (Barahakshetra Na.pa.-3, Barju Ga.Pa.-6 Sunsari and Chaudandigadhi Na.Pa.-6, Udayapur). | Reshma Deep Boring Tubewell Udhyog, Biratnagar | 3050728.74 |
| 2 | GWRIDD /NCB/ 82/83-02 | Construction of 10 Nos. of Powerdrill Tubewell in Chaudandigadhi na.pa. 3 and 4, Udayapur. | Reshma Deep Boring Tubewell Udhyog, Biratnagar | 6461630.43 |
| 3 | GWRIDD /NCB/ 82/83-03 | Construction of 9 Nos. of Powerdrill Tubewell (Birtamod-10, Damak-3 & Gauriganja-1, Jhapa, Ratuwamai-10, Urlabari-8 & Sundarharaicha 9 & 10, Morang). | Prashant Deep Boaring Udhyog, Budhiganga | 4940232.06 |
| 4 | GWRIDD /NCB/ 82/83-04 | Construction of 70 Nos. of Shallow Tubewell in selected areas of Jhapa. | S&S Engineering & Drilling Pvt.Ltd, Biratnagar | 4705036.14 |
| 5 | GWRIDD /NCB/ 82/83-05 | Construction of 100 Nos. of Shallow tubewell in selected locations of Gauradaha na.pa., Gauriganja ga.pa. and Kamal ga.pa., Jhapa. | S&S Engineering & Drilling Pvt.Ltd, Biratnagar | 6526500.42 |
| 6 | GWRIDD /NCB/ 82/83-06 | Construction of 115 Nos. of Shallow Tubewell in Selected Locations of Morang . | Prince Nirman Sewa, Budhiganga | 7795537.47 |
| 7 | GWRIDD /NCB/ 82/83-07 | Construction of 90 Nos. of Shallow Tubewell in selected locations of Sunsari. | Afan Construction Pvt.Ltd., Harinagara | 4860251.68 |

**डिभिजन प्रमुख**

Government of Nepal (GoN)
## Ministry of Home Affairs
## Department of Prison Management
**Kalikasthan, Kathmandu, Nepal**

### Invitation for Bids

**Date of publication: January 14, 2026**

**Department of Prison Management, Kalikasthan, Kathmandu, Nepal** invites electronic bids from eligible bidders for the procurement of below mentioned Goods under National competitive bidding- "Single Stage Two Envelope procedures". The name and identification of the contract are as follows:

| S. N. | Contract ID | Discription oF Contract | Bid Security Amnt.(NRs) | Bid Document Fee (NRs) | Last date/time of BidSubmission | Date/Time Of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | DOPM/ G/NCB/ 2082-083/01 | Supply And Delivery Of Prisoner Van | 13,50,000/- | 5,000/- | 13 February 2026 12.00 hours | 13 February 2026 13.00 hours |

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Rastriya Banijya Bank Limited, Putalisadak, Kathmandu.
Name of Office: **Department of Prison Management, Kalikasthan, Kathmandu**
Office Code No.: 314023501
Revenue Account No.: 1000100200010000
Revenue Heading No.: 14229
**For Further Imformation visit PPMO"s website: www.bolpatra.gov.np**

## कौटिल्य बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**का.जि.का.म.न.पा.वडा नं.७ चाबहिल काठमाडौं**
**फोन नं. ०१४५६५०३३**

### धितोमा रहेको सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ३५ दिने सूचना

**सूचना प्रकाशित मिति:२०८२/०९/३० गते बुधबार, नेपाल समाचारपत्र (राष्ट्रिय दैनिक पत्रिका)**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यले व्यापार कर्जा शिर्षक अन्तर्गत लिनु भएको कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज, हर्जना रकम तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक-पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८१/०५/०५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई यस संस्थासँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखि दिएको तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी बोलपत्रमा आफूले कबूल गरेको रकमको १० प्रतिशतले हून आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर समेत यस संस्थाको कार्यालय चावहिल काठमाडौंमा आइपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । प्राप्त बोलपत्रहरु यस संस्थाको चावहिल, काठमाडौं स्थीत कार्यालयमा ३६ औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा दिनको १ बजे खोलिने छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल-अचल सम्पत्ति लिलाम बिक्रि हुन नसकेमा वा लिलाम बिक्रि हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ संस्थाको विनियम तथा प्रचलित कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण : | जमानीकर्ताको विवरण : |
|---|---|
| ऋणी : चित्र बहादुर खड्का<br>बाबु : तारा बहादुर खड्का<br>बाजे : चन्द्र बहादुर खड्का<br>साविक ठेगाना : राजघाट गा.वि.स., वडा नं.-७, सर्लाही जिल्ला<br>हालको ठेगाना : बागमती न.पा., वडा नं.-५, सर्लाही जिल्ला<br>बक्यौता रकम :रु ८३,९३,६३०/- | १) जमानीकर्ता : धन कुमारी खड्का<br>ससुरा : तारा बहादुर खड्का<br>पति : चित्र बहादुर खड्का<br>साविक ठेगाना : राजघाट गा.वि.स. वडा नं.-७, सर्लाही जिल्ला<br>हालको ठेगाना : बागमती न.पा., वडा नं.-५, सर्लाही जिल्ला |
| | २) जमानीकर्ता : भुवल बहादुर खड्का<br>बाबु : तारा बहादुर खड्का क्षेत्री<br>बाजे : चन्द्र बहादुर खड्का<br>साविक ठेगाना : राजघाट गा.वि.स. वडा नं.-७, सर्लाही जिल्ला<br>हालको ठेगाना : बागमती न.पा., वडा नं.-५, सर्लाही जिल्ला |
| | ३) जमानीकर्ता : महेन्द्र राना<br>बाबु : रण बहादुर राना<br>बाजे : बल बहादुर राना<br>साविक ठेगाना : पोखरा उ.म.न.पा. वडा नं.-८, कास्की जिल्ला<br>हालको ठेगाना : पोखरा म.न.पा., वडा नं.-८, कास्की जिल्ला |

**कर्जा सुरक्षणमा रहेको धितोको विवरण :**

१. चित्र बहादुर खड्काको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, साबिक हरिवन गा.वि.स., वडा नं. ९ क भई हाल बागमती न.पा., वडा नं. ४, स्थित कि.नं. ३३१ को क्षे.फ.(०-३-७½ बिघा) (११४२.८८ वर्गमिटर) र कि.नं.३३२ को क्षे.फ.(०-३-७½ बिघा) (११४२.८८ वर्गमिटर) गरी कुल क्षे.फ.(०-६-१५बिघा) (२२८५.७६ वर्गमिटर) भएको जग्गा र त्यसमा रहेको सम्पूर्ण लिग लगापातसमेत कित्ताहरु ।

**नोट : बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ ।**